# बागलुङ नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, बागलुङ

कार्यालयमा दोश्रो पटक सुचना प्रकाशित मितिः-२०७७/०१/२१

**निःशुल्क प्राथमिक स्वास्थ्य सेवाका अत्यावश्यक औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

सिलवन्दी दरभाउपत्र नं. ०१/२०७६/०७७

यस बागलुङ नगरपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुवाट आ.व. २०७६/०७७ मा निःशुल्क रुपमा वितरण गर्नका लागि अत्यावश्यकिय औषधि तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले औषधि व्यवस्था विभागबाट इजाजत प्राप्त रजिष्टर्ड फर्म,कम्पनी वा सप्लार्यसहरुबाट देहायका शर्तहरुका अधिनमा रही यो सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

१. कार्यालयमा सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र रु.१०००/-(अक्षरुपी एक हजार रुपैयाँ मात्र) फिर्ता नहुने गरि नगद बुझाएको सक्कल आम्दानी रसिद, आ.व.२०७६/०७७ सम्मका लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोबार गर्ने गरि इजाजत प्राप्त कम्पनी वा फर्म तथा दर्ता प्रमाण पत्र,औषधि व्यवसायी प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र वा करमा विवरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित गरिएका प्रतिलिपिहरु निवेदन साथ संलग्न राखी रु १०/-को टिकट टांसी कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिले यस कार्यालयबाट फाराम खरिद गर्न सक्नेछन् ।

२. दरभाउपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२.०० बजे भित्र सिलबन्दी गरि यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ । दर्ता भएको सिलबन्दी दरभाउपत्रहरु सोही दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रहोवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र जमानत वापत रु. ३७,५००।- अक्षरुपि सैंतिस हजार पांचसय रुपैया मात्र ने.बै.लि.बागलुङ स्थित बागलुङ नगरपालिका कार्यालय बागलुङको धरौटी खाता ०२२०३००००००००३००००४३ मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको (दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन

४. म्याद भएको) विड वण्ड सिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्रदाताले कवोल गरेको प्रत्येक आइटमको मु अ कर बाहेकको इकाइ मुल्यलाइ अंक र अक्षरमा स्पष्ट बुझिने गरि उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित रकम फरकपरेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा सहिछाप गरी फर्म वा कम्पनीको छाप लगाउनु पर्नेछ ।

६. नेपाल सरकारको हितलाई ध्यानमा राख्दै प्राप्त भएका सिलवन्दी दरभाउपत्रहरु पूर्णरुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै सिलबन्दी दरभाउपत्रमा उल्लेख भएको औषधि तथा सर्जिकल सामानहरुको परिमाणमा थपघट समेत हुन सक्नेछ ।

नि. प्रमुख प्रशासकीय अधि

Scanned with CamScanner

यसरी परिमाणमा थपघट भए पनि दरभाउदाताले कवोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ । साथै स्वीकृत भएको दररेट २०७६ आषाढ मसान्त सम्मको लागि मान्य हुनेछ।

७. दरभाउदाताले आफुले खरिद गरेको दरभाउपत्र नै दर्ता गराउनु पर्नेछ। यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन ।साथै छाया प्रति तयार गरि पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

८. दरभाउदाताले दरभाउपात्र साथ आफु खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा र व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा संलग्न गर्नु पर्नेछ ।

९. दरभाउपत्रको स्वीकृती समग्र प्याकेजमा नगरी आइटम वाइज बोलकबोल अंक मध्ये न्युनतम मुल्यका आधारमा गरिने छ ।

१०. औषधिको म्यादको हकमा औषधि दाखिला हुने समयमा कम्तीमा १८ महिनाको Expiry Date बाकी भएको हुनु पर्नेछ । तर कुनै औषधि जम्मा Expiry Date १८ महिना भन्दा कम अवधिको हुने भएमा जम्मा Expiry Date कुल अवधिको ७५ प्रतिशत म्याद बाकी भएको हुनु पर्ने छ ।

११. म्याद नाघी आएको,रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कारवाही गरिने छैन ।

१२. सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्को वाहिर उत्पादन मिति,Expiry date, Batch No। तथा Supply For Ministry Of Health Nepal, नेपाल सरकारवाट निशुल्क वितरणको लागि भन्ने वाक्यांस उल्लेख हुनुपर्ने छ ।

१३. सप्लाइ हुने औषधि तथा सर्जिकल औजार सामाग्रीहरु WHO/GMP प्राप्त कम्पनीबाट उत्पादन भएको हुनु पर्नेछ । स्वदेशी औषधिको हकमा WHO/GMP Certificateको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । विदेशी कम्पनीबाट उत्पादित औषधिहरुको हकमा औषधि व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१४. दरभाउपत्र खरिद गर्दा कम्पनी वा फर्मको आधिकारीक व्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ र आफु उपस्थित हुन नसकेमा उक्त संस्थाले आफुले पठाएको प्रतिनिधको परिचय खुल्ने कागजात,संस्थाको छाप,आफ्नो लेटर प्याडमा "**दरभाउपत्र खरिद गरि पाउँ**"भन्ने निवेदन पेश गरेमा दरभाउपत्र खरिद गर्न सकिने छ ।

१५. दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिने छ ।

१६. यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

| सि. नं. | दरभाउपत्र नं. | विवरण | इस्टिमेट अकं मु. अ. कर सहित | धरौटी रकम २.५% | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०७६/०७७ | औषधि तथा सर्जिकल सामान खरिद | १५,००,०००।-<br>(अक्षरुपी पन्ध लाख रुपैया मात्र) | | |

०७६/१/२९

डण्डपाणि शर्मा

नि प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकाको कार्यालय

Scanned with CamScanner